# आ.व.२०७४/ ७५ को समिक्षा

**समग्र**

चालु आ.व.मा वजेटको ठूलो अशं सडक पूर्वाधार निर्माण, विस्तार, स्तरोन्नतीमा विनियोजन भएकोमा बहु संख्यक योजनाहरु कार्यान्वयन गरिएको छ। (श्रोतको अभावमा आन्तरिक श्रोत तर्फका बाहेक) न.पा.र वडा भित्रका सवै योजनाहरु सम्पन्न हुने क्रममा छन् भने सवै वडा एवं वस्तीहरु मौसीमी सडकले जोडिएको छ। मुख्य सडकहरुमा स्तारोन्नतीमा केन्द्रित गरिएको छ। त्यैसैगरी विकासका प्रमुख क्षेत्रमा कार्यक्रम एवं वजेट विनियोजन भई त्यसको कार्यान्वयन गरिएको अवस्थ छ। विद्युतीकरण विस्तार, खरको छाना जस्तापाताले विस्थापित गर्ने, भू-संरक्षण गर्ने जस्ता क्षेत्रमा विकासको लागि विद्युत पोल, जस्तापाता, तारजाली, खानेपानी, सिंचाई पाईप, जेष्ठ नागरिकको लागि कम्वल खरिद जस्ता कार्यक्रमहरु कार्यान्वयनको अन्तिम चरणमा छन्। त्यसैगरी लक्षित कार्यक्रम न.पा. तथा वडा कार्यालयहरु मार्फत सम्पन्न भएका छन्। सुशासन प्रवर्द्धनको लागि आधारभुत नीतिगत व्यवस्था (ऐन, नियम, निर्देशिका, कार्यविधि पारित गरी) लागू गरिएको छ। सूचना प्रविधिको उपयोग एवं विस्तारको लागि IT शाखा स्थापना, Website निर्माण एवं सूचनाहरु Upload भएका, वडा कार्यालयहरुमा Internet जडान कार्य भैरहेकोछ।

यस शितगंगा नगरपालिकाबाट चालु आ.व.मा नगरपालिकाको लागि अवश्यक पर्ने तपशिल बमोजिमका ऐन, नियमावली, कार्यविधि, मापदण्ड तथा निर्देशिकाहरु पारित गरिएका छन्।

**तपशिल**

१ शितगंगा नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन २०७४

२ शितगंगा नगरपालिकाको सहकारी ऐन, २०७४

३ शितगंगा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४

४ न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४

५ नगर कार्यपालिका (कार्य सम्पादन) नियमावली, २०७४

६ शितगंगा नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४

७ शितगंगा नगरपालिकाको बजार अनुगमन निर्देशिका, २०७४

८ नगर कार्यपालिकाको (कार्य विभाजन) नियमावली, २०७४

९ नगर कार्यपालिकाको बैठक संचालन सम्बन्धी कार्यविधि, २०७४

१० शितगंगा नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४

११ शितगंगा नगरपालिकाका पदाधिकारीहरुको आचार संहिता, २०७४

१२ शितगंगा नगरपालिकाको आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि, २०७४

१३ शितगंगा नगरपालिकाको विपद् कोष व्यवस्थापन कार्यविधि, २०७५

१४   शितगंगा नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यास्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५

१५   स्थानीय राजपत्र प्रकाशन कार्यविधि, २०७४

१६. आधारभुत तह (१ देखि ५) को शिक्षक दरवन्दी मिलान तथा घटीवढी भएका शिक्षक दरवन्दीलाई आधारभुत तह (कक्षा ६ देखि ८) र माध्यमिक तहमा मिलान एवं समायोजन कार्यविधि २०७५

## कृषि तथा पशु

### कषि तर्फ

१ जना कृषि प्रसार अधिकृत १, प्रा.स १, ना.प्रा.स १ र ३ जना एक गाँउ एक प्राविधिक गरी ६ जना प्राविधिकहरु यस पालिकाको कृषि क्षेत्रमा कार्यरत छन् । आ.व २०७४/०७५ मा यस शाखा मार्फत संचालीत कार्यक्रमको संक्षीप्त विवरण यस प्रकार रहेको छ ।

१. पचास प्रतिशत अनुदानमा ३२६ वटा आधुनिक मौरी घार र मौरीपालनका लागी आवश्यक मौरीजन्य उपकरणहरु वितरण भएको, २०० भन्दा बढी कृषकलाइ मौरीपालन सम्बन्धि तालिम प्रदान गरीएको, प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत १ वटा मौरी पकेट संचालक समिति गठन भै कार्यक्रम संचालन भैरहेको ।

२. रु १००,०००) बजेटबाट २१०० वटा कागतीको बेर्ना वितरण गरिएको, १५० जना कृषकहरुलाई कागती खेती सम्बन्धी स्थलगत तालिम प्रदान गरिएको

३. रु २३,३३,०००) बजेटबाट ११३ वटा प्लाष्टिक टनेल, १० वटा स्प्रेयर, तरकारीको उन्नत बीउ र १० वटा क्यारेट वितरण गरीएको छ भने ३७० जना भन्दा बढी कृषकलाई मौसमी तथा बेमौसमी तरकारी खेती सम्बन्धी तालिम प्रदान गरीएकोछ । प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत १ वटा तरकारी ब्लक संचालक समिति गठन तथा दर्ता भै कार्यक्रम संचालन भैरहेको ।

४. कुल बजेट : रु ७५,००० बाट आलु बालीमा करीब ४ महिना अवधिको एउटा कृषक पाठशाला संचालन भएको छ । यस पाठशालाबाट २५ जना कृषकहरु लाभान्वित भएका छन् ।

५. कुल बजेट रु १०,४४,००० बाट करीब २० हेक्टर क्षेत्रफलमा अदुवा र बेसारको उन्नत बीउ रोपिएको, २०० जना भन्दा बढी कृषकहरुलाई अदुवा तथा बेसार खेती तालिम प्रदान गरीएको । प्रधानमन्त्रि कृषि आधुनिकिकरण परीयोयोजना अन्तर्गत अदुवा र बेसारको २ वटा पकेट संचालक समिति गठन तथा दर्ता भै विगत २ वर्षदेखि कार्यक्रम संचालन हुँदै आएको छ ।

६. कुल बजेट : रु १२,०७,००० वजेट बाट वर्षे धान ११५३ के.जी, चैते धान १२५ के.जी र वसन्ते मकै १०० के.जी वितरण भएको छ भने बीउ उत्पादनको लागि १००० के जी वर्षे मकैको मूल बीउ र २५० के जी वसन्ते मकैको मूल बीउ वितरण भएको छ । २४० जना कृषकहरुलाई खाद्यान्न उत्पादन तथा उन्नत बीउ उत्पादन सम्बन्धी तालिम प्रदान गरिएको छ ।

७ कुल बजेट : रु १,५०,००० बाट ५० प्रतिशत अनुदानमा १५०० किट कन्ये च्याउ, २० वटा कालो प्लाष्टिक सिट तथा अन्य सामाग्री वितरण भएको छ भने १२० जना कृषकहरुलाई च्याउ उत्पादन सम्बन्धी तालिम प्रदान गरीएको छ ।

८. कुल बजेट : रु १,२५,००० बाट प्राङ्गारिक नगरको रुपमा विकास गर्न रासायनिक विषादीको न्युनिकरण जैविक मल तथा जैविक विषादीको प्रवद्धन गर्ने उद्धेश्यले प्रत्येक वार्ड तथा नगरभित्रका सरकारी तथा गैरसरकारी कार्यालयहरुमा जनचेतनामूलक फ्लेक्स तथम पम्पलेट हरु वितरण गरीएको, ७५ प्रतिशत अनुदानमा जैविक मल बनाउनको लागी १०० वटा प्लाष्टिकको ड्रम वितरण गरीएको छ ।

९. २०७५ जेष्ठ २९ र ३० गतेका दिन क्रमश मौवावारी र लाहापेमा संचालन भएको एकिकृत घुम्ति शिवरमा २५५ जनालाई मूला, सिमी, बोडी र काक्राको बीउ वितरण गरीएको र आवश्यक प्राविधिक सरसल्लाह पनि दिइएको छ ।

१०. रु ४८८,००० बजेटबाट ५० प्रतिशत अनुदानमा १७ हाते ट्रेक्टर वितरण भएको छ भने २ वटा विद्युतीय मकै छोडाउने मेसीन र २ वटा डिजिटल तराजु, ३८ वटा त्रिपाल वितरण भएको छ ।

११. कुल बजेट रु ३,००,००० बाट सि.न.पा ८, ९, १०, ११ र १२ मा केरा पकेट संचालक समिति गठन भै १५०० वटा टिस्यु कल्चरबाट उत्पादित जि 9 जातको केराको बेर्ना रोपिएको छ उक्त विरुवा खरिदको लागी यस नगरपालिकाबाट ५० प्रतिशत अनुदान प्रदान गरीएको छ ।

१२. कुल बजेट रु ४,३०,००० वजेट बाट आकाशे पानी संकलनको लागि ६०००० लि. क्षमताको १० वटा प्लाष्टिक पोखरी ८ जना कृषकहरुलाई अनुदानमा वितरण भएको छ भने एक जना कृषकलाई स्प्रीङ्कलर सिंचाई प्रदान गरीएको छ ।

१३. कुल बजेट रु ९४,००० बाट मौवावारी, सिमलपानी, जलुके, पावरा र सिमलपानी गरी जम्मा ५ वटा माटो परीक्षण शिविर संचालन भएको छ ।

## पशु तर्फ

१.पशु विकास सेवा कार्यक्रम तर्फ रु २७ लाख ९७ हजार, पशु स्वास्थ्य नियमन कार्यक्रम तर्फ रु ६० हजार, एक गाउँ एक प्राविधिक कार्यक्रम तर्फ रु ११ लाख, पशु आहारा सेवा कार्यक्रम तर्फ रु ५ लाख १२ हजार, पशु सेवा प्रसार कार्यक्रम रु ३४ लाख ६० हजार, राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम (वजेट जि.प.से.का.बाट खुलेर नआएको, केबल शि.न.पा. ९ र १४ को साविककार्यक्रम संचालन (भएको ठाँउमा कामगर्ने गरी तोकिएअनुसार भएको) । ५ वटा उन्नत जातका गाई भैसी पालन समूह गठन गरी १२५ जना कृषिकहरु समूहमा आवद्ध भएका, प्रति भकारो रु १० हजारका दरले ३० वटा गाई भैसीका भकारो सुधार कार्यक्रमको लागि अनुदान उपलब्ध गराईएको । बाख्रा खोर सुधारको लागि प्रति खोर रु १० हजारका दरले ३० वटा बाख्रा खोर सुधारको लागि अनुदान दिईएको । २८ वटा बोकाको लागि प्रति बोका रु १० हजारका दरले २ लाख ८० हजार अनुदान उपलब्ध गराईउको । १० वटा घास काट्ने मेसिनको लागि

२० हजारका दरले रु २ लाख नगद अनुदान उपलब्ध गराईएको। १३ वटा ग्रामीण मासु पसलको लागि अनुदान उपलब्ध गराईएको। बंगुरको पाठापाठी खरिद र खोर सुधारको लागि २ लाख ५० हजार अनुदान उपलब्ध गराइएको। पशु पालन सम्बन्धी विभिन्न तालिमहरु संचालन गरिएका,, साथै ४ लाख ५० हजारको पशु औषधि खरिद तथा वितरण भएको र वोयर जातका बोका खरिदको प्रकृया अन्तिम चरणमा पुगेको।

## शिक्षा, युवा तथा खेलकुद

- विद्यालयको तथ्याङ्क तथा शिक्षक कर्मचारी दरवन्दी विवरण अध्यावधिक गरिएको
- नगरपालिका भित्रका विद्यालयहरुको कक्षागत, तहगत तथा विषयगत सिकाई उपलब्धि विवरण तयार गरिएको
- कक्षा ८ को परीक्षा संचालन कार्य गर्न आधारभुत शिक्षा उत्तीर्ण परिक्षा समिति गठन भएको, परीक्षा केन्द्रहरु कायम गरि Mini SEE परीक्षाको रुपमा संचालन गरिएको, Letter grading प्रणालीमा नजिता प्रकाशन गरिएको
- विद्यालय समायोजन तथा दरवन्दि मिलान कार्यविधि २०७५ स्वीकृत भएको ।
- विद्यालय समायोजन तथा दरवन्दि मिलान कार्यविधि २०७५ बमोजिम नगरपालिका भित्रका विद्यालयहरुमा विद्यार्थी संख्या अत्यन्त न्यून रहेका विभिन्न वडाका ५ वटा विद्यालयहरु समायोजन गरिएको साथै भित्रका सामुदायिक विद्यालयहरुको शिक्षक विद्यार्थी अनुपात .पा., हालको शिक्षक दरवन्दी संख्या, भौगोलिक अवस्थिति संचालित कक्षा र तह समेतको आधारमा विद्यालयमा कार्यरत शिक्षकहरुको दरवन्दी मिलान गरिएको।
- वडागत रुपमा अगुवा विद्यालयहरु तोकिएको सो विद्यालय मार्फत कक्षा अवलोकन, नमुना पाठ प्रदर्शन, छलफल तथा समन्वय गर्ने कार्य भएको।
- वडा गत रुपमा १/१ वटा नमुना विद्यालयहरुमा यसै वर्ष देखि अंग्रेजी माध्यममा पठन पाठन सुरु गरिएको। न.पा. बाट पाठ्यपुस्तक उपलब्ध गराउनुको साथै क्षमता विकास तालिम संचालन गरिएको।
- स्रोत व्यक्तिहरुलाई कार्यप्रति थप जिम्मेवार बनाईएको।
- विद्यालयहरुको गुणस्तर सुधार गर्न तथा शिक्षा क्षेत्रलाई व्यवस्थित बनाउन नगरस्तरीय शिक्षा ऐन तथा नियमावलीको मस्यौदा तयार पारिएको।

विद्यालयहरुको भवन निर्माण मर्मत घेरावार लगाउने खेल मैदान वनाउने पाठ्य सामाग्री वितरण फर्निचर खरिद कम्यूटर/ल्यापटप खरिद तथा उपलब्ध गराईएको, ३ वटा विद्यालयमा कम्प्यूटर शिक्षा संचालन भएको।

वडा तथा नगरपालिकाबाट १० लाख भन्दा बढी विभिन्न खेलकुदको लागि खर्च गरिएको छ।

## स्वास्थ्य तर्फ संचालित कार्यकम तथा उपलब्धीहरु

वडा स्तरीय स्वास्थ्य योजना तर्जुमा १४ वटै वडामा संम्पन्न भएको, २ वडा न.पावरमा सामुदायिक स्वास्थ्य केन्द्र पुर्नस्थापना, हर्रे र करेचुलीमा नयाँ स्वास्थ्य केन्द्र स्थापना भएको छ। आखाँ शिविर ( स्किनिङ क्याम्प ) ४ स्थान,

आखाँ शिविर (अप्रेशन) २ स्थानमा भएको, स्वास्थ्य आमा समुह पुर्नजागरण ४६ वटा आमा समुह गठन भएका, औषधी खरिद सबै स्वास्थ्य संस्थाहरुमा वितरण गरिएको, २४ घण्टे प्रसुति सेवाका ६ जना अ.न.मी. सहित ४२ जना नियुक्ति गरि स्वास्थ्य सेवा गुणस्तर र सहज रुपमा उपलब्ध गराईदै आईएको, आमा सुरक्षा कार्यक्रम संचालन, न्यानो झोला खरिद तथा बितरण, पाठेघर खस्ने रोगको स्क्रिनिङ क्याम्प (लाहापे), क्षयरोग स्क्रिनिङ क्याम्प (सिद्वारा) मा संचालन गरिएको । सबै स्वास्थ्य संस्थामा ब्यबस्थापन समिति गठन तथा स्वास्थ्य विमा कार्यक्रमको सुरुवात भएको ।

## पश्चिम नेपाल ग्रामिण खानेपानी तथा सरसफाई तर्फ

हाल पश्चिम नेपाल ग्रामिण खानेपानी तथा सरसफाई परियोजना दोस्रो चरण अर्न्तगत संचालन भएका खानेपानी योजना र सरसफाई क्रियाकलाय हरु निम्न अनुसार रहेका छन् ।

- आथिक वर्ष २०७४/७५ मा डिही बाधखोला खानेपानी तथा सरसफाई योजना शिनपा १० मा रु ४२,३१,५३२.४४ को लागत सम्पन्न गरियो उत्त योजना वाट ३३ घरधुरिका २१० जना उपभोत्ताहरु सुरक्षित पानीको उपयोगवाट लाभांम्वित भएका छन।
- आथिक वर्ष २०७४।७५ वालकल्याण  खानेपानी तथा सरसफाई योजना शिनपा ७ मा रु ५१,६९,४९४.९३ को लागत सम्पन्न गरियो उत्त योजना वाट ५४ घरधुरिका ३१९ जना उपभोत्ताहरु सुरक्षित पानीको उपयोगवाट लाभांम्वित भएका छन् ।
- आथिक वर्ष २०७४।७५ मा जुकेपानी मुहान संरक्षण योजना शिनपा ४ मा रु ३,१७,१७४ को लागत सम्पन्न गरियो उत्त योजना वाट ४३ घरधुरिका १९४ जना उपभोत्ताहरु सुरक्षित पानीको उपयोगवाट लाभांम्वित भएका छन ।
- वसेरी डोहोटे शिनपा १२ मा रु १,३५,३८५.३३ को लागतमा सार्वजनिक धारा निर्माण गरि यात्रुहरुलाई सुरक्षित खानेपानीको व्यवस्था गरियो ।
- चिसापानी रिपाहा शिनपा २ मा रु १,९५,२८६.१३ को लागतमा सार्वजनिक धारा निर्माण गरि यात्रुहरुलाई सुरक्षित खानेपानीको व्यवस्था गरियो ।
- आथिक वर्ष २०७४।७५ मा सम्पन्न गर्ने गरि मुस्लेघाट धुवाखोला सोलार लिप्ट खानेपानी तथा सरसफाई  योजना शिनपा ७ जुवाकोट मा रु ६६,३५,७००.७४ को लागत मा ६५ घरधुरीका ४१५ जना उपभोत्ताहरुलाई सुरक्षित खानेपानी उपलब्ध गराउने लक्ष्यका साथ योजना संचालन गरिएको छ ।
- आथिक वर्ष २०७४।७५ मा सम्पन्न गर्ने गरि जौवारी छहरे लौरी सोलार लिप्ट खानेपानी तथा सरसफाई  योजना शिनपा ९ शिद्धारामा मा रु ९९,२६,१८९.२५ को लागत मा ६१ घरधुरीका ३४५ जना उपभोत्ताहरुलाई सुरक्षित खानेपानी उपलब्ध गराउने लक्ष्यका साथ योजना संचालन गरिएको छ ।

- खानेपानी योजना को दिगो रुपमा संचालन गर्न step by step तालिम संचालन गरि १४५ जना उपभोक्ता समितिका पदाधिकारी एवम सदस्यको क्षमता विकास मा सहयोग पुत्याएको छ ।
- लिफ्ट खानेपानी योजना हरुको संचालन गर्नको लागि ८ जना ग्रामिण मर्मत संभार कार्यकर्ता लाई पम्प अपरेटर तालिम संचालन गरियो ।
- आर्थिक वर्ष २०७५ भित्र वडा नं २ लाई पुर्ण सरसफाई उन्मुख नमुना वडा घोषणा गर्ने लक्ष्य रहेको छ ।

## सामाजिक सुरक्षा तर्फ

सामाजिक सुरक्षा तर्फ प्रथम तथा दोस्रो चौमासिक वितरण भएको रकम र तेस्रो निकासा दिएको कुल रकम (रु हजारमा)

| सि .नं | विवरण | प्रथम चौमासिक | | | दोश्रो चौमासिक | | | तेश्रो चौमासिकमा निकासा दिईएको रकम | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | निकासा विवरण | खर्च | वचत फिर्ता | निकासा विवरण | खर्च | वचत फिर्ता | निकासा विवरण | खर्च |
| १ | जेष्ठ अन्य भत्ता तर्फ | ७२३६००० | ७१४१००० | ५७८००० | ७३२४००० | ७१०७००० | ३६६००० | ७९४४००० | ० |
| २ | दलित जेष्ठ | १६४८००० | १७३२००० | ३७००० | १७०४००० | १४४८००० | २९२००० | १९७२००० | ० |
| ३ | विधवा भत्ता | ३८००००० | ३७४३००० | ३९७००० | ३६१२००० | ३५२०००० | ३९२००० | ४२०४००० | ० |
| ४ | पूण अपांग भत्ता | १०४८००० | १०३२००० | ३२००० | १०४०००० | १०१४००० | ५४००० | १०६४००० | ० |
| ५ | आंशिक अपांग भत्ता | ३४०८०० | ३३१२०० | २८८०० | ३३८४०० | ३२५८०० | २९४०० | ४०५६०० | ० |
| ६ | दलित वालवालिका | १३१३६०० | १२७२४०० | २९१६०० | १२९१२०० | १०८७६०० | २२५२०० | १५०५६०० | ० |
| ७ | उपचार खर्च | ७२४०००० | ७३२९००० | ४३८००० | ७३२८००० | ७११५००० | ३६२००० | ७९४४००० | ० |
| ८ | जम्मा | २२६२६४०० | २२५८०६०० | १८०२४०० | २२६३७६०० | २१६१७४०० | १७२०६०० | २५०३९२०० | |

साथै सामाजिक सुरक्षाको लागि भरपर्दो र विश्वसनीय बनाउनको लागि तथ्याङ्कलाई कम्प्यूटराईज गरिएको छ ।

**सामाजिक समावेशीकरण तथा लक्षित कार्यक्रमहरु : (लक्षित कार्यक्रमहरु)** गरिवी रोजगारी, अशिक्षा पछौटेपन जस्ता समस्यालाई दिगो समाधानको लागि समावेशी विकासलाई नगरले उच्च प्राथमिकता दिएकोछ । नगरपालिका, वडा कार्यालय एवं विकास साझेदारहरुसँगको पहलमा मागमा आधारित सामुदायिक परिचालन, सचेतना अभिबृद्धी जस्ता

दर्जनौ गतिविधि संचालन एवं सम्पन्न भएका छन् । न.पा. तथा वडा कार्यालयहरु अर्न्तगत वालवालिका, महिला सशक्तिकरण, आदिवासी जनजाती, जनजाती, दलित क्षमता विकास, जेष्ठ नागरिक, अपाङ्गहित, युवा खेलकुद जस्ता क्षेत्रमा २ करोड भन्दा बढी रकम लक्षित वर्ग, समुदायको हितको लागि सञ्चालन गरिएको छ । यस्ता कार्यक्रमबाट लक्षित वर्ग समुदायको क्षमता विकास, सीप विकास, परम्परागत पेशा/सीपको आधुनिकीकरणमा उल्लेख्य सहयोग पुगेको अपेक्षा गरिएकोछ । जेष्ठ नागरिकको सम्मानार्थ वडाहरुबाट विभिध कृयाकलापहरु संचालन भएका छन् भने नगर पालिकाबाट रु १५ लाख बरावरका वलाङ्केट खरिद गरि ८० बर्ष भन्दा माथिका जेष्ठ नागरिकहरुलाई वितरण गर्ने क्रम चलिरहेको छ । त्यसै गरी विपन्न र प्रकोप पिडीतहरुलाई वडा कार्यालयको सिफारीसमा नगद आर्थिक सहयोग उपलब्ध गराईदै आएको । दलितहरुको पेशा आधुनिकीकरणको लागि वडा तथा नगरबाट करिव २० लाख वरावरको आरन सुधार कार्यक्रम संचालन भई रहेको छ ।

**पूर्वाधार सम्बन्धी :** चालु आ.व.मा निर्मित एवं निर्माणाधिन पूर्वाधारको स्तरोन्नतीलाई प्राथमिकता दिएको छ । चारवटा सडकहरुलाई नगरका गौरवका आयोजनाको रुपमा घोषणा गरी सोही अनुरुप काम भैरहेकोछ । नयाँ पूर्वाधारको अतिरिक्त त्यसको स्तरोन्नतीमाकेन्द्रित गरिएको छ । पूजिगत खर्चको दुई तिहाई भन्दा बढी रकम पूर्वाधार विकासमा विनियोजन गरि कार्यक्रम संचालन भई रहेको छन् । पूर्वाधार सम्बन्धी कार्यक्रमबाट पूराना ग्रामिण सडकहरुको स्तरोन्नती भएको छ भने लगभग सवै वस्तीहरु सम्म सडकको पहुच विस्तार भएको छ । दुई करोड भन्दा बढी रकमको विद्युत पोल, करिव एक करोड रकम बरावरको तारजाली, खानेपानी पाईप र जस्ता पाता खरिद गरिएको छ ।

**राजश्व सम्बन्धी :** आन्तरिक आय अभिबृद्धीको लागि राजश्व शाखा गठन, कर्मचारीलाई तालिम प्रदान, राजश्वका संभावित क्षेत्र पहिचान साथै करका दर एकिन गर्ने, नगरवासीलाई करदाता शिक्षा, कर सम्बन्धी प्रचार प्रसार कार्यक्रम संचालन गरिएको छ । आन्तरिक आयको लागि वन तथा नदी जन्य श्रोतको संभावनालाई अधिकतम उपयोग गर्न नीतिगत, संस्थागत तथा कार्यक्रमगत व्यवस्था गरी करको दायरामा ल्याउने कार्यका प्रारम्भ गरिएकोछ । यस बाट आगामी आ.व.मा आन्तरिक राजश्वमा उल्लेख्य बृद्धी हुने अपेक्षा गरिएको छ । जिल्ला समन्वय समितिबाट रोयल्टी बापतको आ.व. ०७३/०७४ को रु ९१ लाख, आ.व. ०७४/०७५ को रकम र रजिस्टेशन शुल्क वापतको रकम प्राप्त नहुदा नगरको आन्तरिक आय लक्ष्य अनुरुप हुन सकेको छैन् । फलस्वरुप आन्तरिक आय तर्फका धेरै योजना तथा कार्यक्रमहरु कार्यान्वयन हुन सकेका छैनन् ।

**गैह्र सरकारी संघ संस्थाहरुबाट सम्पन्न कार्यक्रमको समिक्षा** : वितग देखिनै विभिन्न गैससहरु यस पालिका अर्न्तगत क्रियाशिल रहेका छन् । नव गठित न.पा. भएको र सिमित जनशक्तिको अभावमा ती संस्थाका गतिविधिहरु नगरपालिकाको वार्षिक कार्यक्रममा समाहित गर्न सकिएको छैन् । साथै ती संस्थाहरुको नियमन, समन्वय अनुगमनको लागि नगरपालिकाले प्रयाप्त ध्यान दिन सकेको पनि छैन् । राष्ट्रिय चुरे विकास संरक्षण समिति, सुआरा, हेफर इन्टरनेसनल, युएनहेभिटाट नेपाल , साना किसान विकास कार्यक्रम जस्ता संस्थाहरु क्रियाशिल रहेको छन् । गैसस, सामुदायिक वन आदीलाई नगरको वार्षिक कार्याक्रममा समावेश गरी आवद्ध गराउनको लागि विभिन्न तहमा पहलहरु भैरहेका छन् ।

सहकारी संस्थाहरुलाई कृषि र पशु विकास अभियानमा आधारशिलाको रुपमा स्थापित गर्न सहकारी संस्था ऐन पारित गरिएको, साविकको डिभिजन सहकारी कार्यालय कपिलवस्तु बाट १६ वटा सहकारी संस्थाहरुको व्यवस्थापनको लागि सवै फाईलहरु हस्तान्तरण भई आएका र चालु आ.व.मा ४ वटा सहकारी संस्थाहरु यसै आ.व.मा न.पा.बाट दर्ता गरिएका छन् । गैससको सहयोगबाट  कृषि, पशुपालन, क्षमता विकास, खानेपानी तथा सरसफाई र पोषणको क्षेत्रमा योगदान पुगेको छ ।